वर्ष ४ अङ्क ४ २०८१ चैत (January-March 2025)

नेपाल बीमा प्राधिकरणको त्रैमासिक प्रकाशन

# बीमा समाचार

## प्राधिकरणका नवनियुक्त अध्यक्ष ओझाबाट कार्यभार ग्रहण

## बीमा क्षेत्रमा देखिनेगरी परिवर्तन आएको महसूस हुने गरी काम गर्ने अध्यक्ष ओझाको प्रतिवद्धता

नेपाल बीमा प्राधिकरणका नवनियुक्त अध्यक्ष शरद ओझाले यही २०८१ साल फागुन १३ गते ललितपुरको कुपण्डोलस्थित प्राधिकरणको केन्द्रीय कार्यालयमा अध्यक्षको कार्यभार सम्हाल्नुभएको छ ।

यसअघि, अर्थ मन्त्रालयमा माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले नवनियुक्त अध्यक्ष ओझालाई पद तथा गोपनीयताको शपथ गराउनुभएको थियो ।

नेपाल सरकार, मन्त्रिपरिषद्को फागुन १२ गते बसेको बैठकले उहाँलाई नेपाल बीमा प्राधिकरणको अध्यक्ष नियुक्त गरेको थियो ।

प्राधिकरणमा कार्यभार सम्हाल्नुहुँदै नेपाल बीमा प्राधिकरणका नवनियुक्त अध्यक्ष शरद ओझाले सरकारले विश्वास गरेर दिएको जिम्मेवारी पूरा गर्न



नेपाल बीमा प्राधिकरणका नवनियुक्त अध्यक्ष शरद ओझा कार्यभार सम्हाल्नुहुँदै ।

आफ्नो सम्पूर्ण ध्यान केन्द्रित हुने बताउनुभयो ।

अध्यक्ष ओझाले बीमा क्षेत्रमा परिवर्तन आएको महशूस हुनेगरी सबैको सहकार्यमा कार्यान्वयनयोग्य कार्ययोजना बनाएर काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बीमा ऐन, नियम, निर्देशिका एवम् मापदण्ड बमोजिम अगाडि बढ्ने उल्लेख गर्नुहुँदै अध्यक्ष ओझाले बीमा क्षेत्रको नियमनकारी निकायका रूपमा प्राधिकरणले अवलम्बन गर्दै आएको असल अभ्यासलाई निरन्तरता दिने र आवश्यक अन्तर्राष्ट्रिय असल अभ्यासलाई समेत कार्यान्वयन गर्दै जाने बताउनुभयो ।

अध्यक्ष ओझाले बीमा क्षेत्रलाई नियमित, प्रतिस्पर्धी

संरक्षक
श्री शरद ओझा, अध्यक्ष

सल्लाहकार
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक
श्री ध्रुव तिमिल्सिना, निर्देशक
श्री कुन्दन सापकोटा, निर्देशक
श्री शाम्भराज लामिछाने, निर्देशक
श्री निर्मल अधिकारी, निर्देशक

सम्पादक समूह
संयोजक
श्री सुशीलदेव सुवेदी, कार्यकारी निर्देशक

सदस्यहरू
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री विरोध वाग्ले, उपनिर्देशक
श्री केदारनाथ भट्ट, उपनिर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

र पारदर्शी बनाउँदै बीमितको हित संरक्षण, प्राधिकरणका विचाराधीन मुद्दाहरूको शिघ्र फर्स्यौट र बीमकको वित्तीय स्वास्थ्यलाई बलियो बनाउन प्राथमिकताका साथ अगाडि बढ्ने जानकारी दिनुभयो ।

यसअघि, नवनियुक्त अध्यक्ष ओभा नेपाल बीमा प्राधिकरणमा आउनुहुँदा उहाँलाई प्राधिकरणका निर्देशकहरु लगायत कर्मचारीहरूले खादा, माला र पुष्पगुच्छाले स्वागत गर्नुभएको थियो ।

प्राधिकरणका अध्यक्ष ओझाबाट पूर्वअध्यक्षहरूसँग छलफल

# प्राधिकरणको प्रतिष्ठालाई उच्च बनाउने गरी निडर भई इमान्दारिताका साथ अगाडि बढ्न सुझाव



नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाका साथमा प्राधिकरणका पूर्वअध्यक्षहरु ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाले समग्र बीमा क्षेत्रलाई सुव्यवस्थितरूपले अगाडि बढाउने सन्दर्भमा विगतका अनुभव, चुनौतीहरूको सामना गर्न विगतमा चालिएका कदम, समस्याहरूको समाधानका लागि गरिएका काम र बीमा क्षेत्रको अपेक्षा लगायतका विषयमा प्राधिकरणका पूर्वअध्यक्षहरूसँग छलफल गर्नुभएको छ ।

नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यही २०८१ साल फागुन १९ गते प्राधिकरणका पूर्वअध्यक्षहरूसँग भएको भेटघाट एवम् छलफल कार्यक्रममा प्राधिकरणका पूर्वअध्यक्षहरु माधव प्रसाद उपाध्याय, देवेन्द्र प्रताप शाह र प्रा.डा. फत्तबहादुर के.सी. सहभागी हुनुहुन्थ्यो ।

त्यस अवसरमा पूर्वअध्यक्षहरूले बीमा ऐन र नियमले प्राधिकरणको नेतृत्वलाई बलियो बनाएको उल्लेख गर्नुहुँदै प्राधिकरणको

प्रतिष्ठालाई उच्च बनाउने आफ्नो मूल दायित्व ठानेर निडर भई इमान्दारिताका साथ अगाडि बढ्न सुझाव दिनुभयो ।

प्राधिकरणको नियामकीय भूमिकालाई राम्रोसँग बुझेर अगाडि बढ्न, नचाहिने कुरामा नझुक्न, राजनीतिक हस्तक्षेप हुन नदिन, बीमा कम्पनीहरूलाई नचाहिने काम गर्न नदिन, नहुने कामलाई सिधै "हुन्न" भन्न र आफ्नो विवेकलाई ध्यानमा राखेर काम गर्न उहाँहरूले सुझाव दिनुभयो ।

यसैगरी, तत्काललाई केही नोक्सान भए पनि राम्रो काम गर्न नछाड्न, संस्थाको हितमा निर्धक्कसँग काम गर्न, प्राप्त सूचनाहरूको पुष्टि गरेर मात्र अघि बढ्न, बीमा क्षेत्रमा देखिएका अस्वस्थ प्रतिस्पर्धा र विकृतिहरूलाई नियन्त्रण गर्न, बीमा व्यवसायका लागि उपयुक्त वातावरण बनाउन, प्राधिकरणको नियामकीय भूमिकालाई अझ सशक्त बनाउन र कसैको भनाईमा नभएर ऐन तथा नियम अनुसार काम गर्न प्राधिकरणका पूर्वअध्यक्षहरूले सुझाव दिनुभयो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाले विगतका राम्रा अभ्यासलाई निरन्तरता दिँदै थप असल अभ्यासका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

अध्यक्ष ओझाले बीमा क्षेत्रलाई सुव्यवस्थित बनाउने सन्दर्भमा विगतका सुझबूझपूर्ण अनुभव, चुनौतीहरूको सामना गर्न तथा समस्याहरु समाधान गर्न चालिएका कदम, प्राधिकरणको नियामकीय भूमिका र बीमा बजारमा आवश्यक हस्तक्षेप लगायतका विषयमा विगतका अनुभवहरूका बारेमा जानकारी प्राप्त गर्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

विगतका सुझबुझपूर्ण अनुभवहरूलाई मार्गदर्शकका रूपमा लिएर अगाडि बढ्ने उल्लेख गर्नुहुँदै अध्यक्ष ओझाले सरकार र बीमा क्षेत्रको अपेक्षा अनुरूप समग्र बीमा क्षेत्रलाई सुव्यवस्थित, नियमित र स्वच्छ प्रतिस्पर्धी बनाउनका लागि आवश्यक निर्णय लिन पूर्वअध्यक्षहरूबाट प्राप्त सुझावहरूबाट सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका पूर्वअध्यक्षहरूका साथै प्राधिकरणका निर्देशक सुशील देव सुवेदी, निर्देशक कमल प्रसाद रेग्मी र उपनिर्देशकहरूको सहभागिता रहेको थियो ।

## प्राधिकरणको कार्यकारी निर्देशकमा सुवेदी नियुक्त



नेपाल बीमा प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक सुशील देव सुवेदी

नेपाल बीमा प्राधिकरणको कार्यकारी निर्देशकमा सुशील देव सुवेदी नियुक्त हुनुभएको छ ।

प्राधिकरणको संचालक समितिको यही २०८१ साल चैत १ गते बसेको बैठकले पदपूर्ति समितिको सिफारिशमा निर्देशक सुवेदीलाई कार्यकारी निर्देशक पदमा बढुवा गर्ने निर्णय गरेको हो ।

नवनियुक्त कार्यकारी निर्देशक सुवेदीले सोही मितिदेखि नै कार्यभार सम्हाल्नुभएको छ ।

# प्राधिकरणका अध्यक्ष ओझा र भुटानका डेपुटी गभर्नर छोदेनबीच भेटवार्ता



नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझा र भुटानको रोयल मनिटरी अथोरिटीका डेपुटी गभर्नर उगेन छोदेनबीच भेटवार्ता हुँदै ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझा र भुटानको रोयल मनिटरी अथोरिटीका डेपुटी गभर्नर उगेन छोदेनबीच बीमा सम्बन्धी द्विपक्षीय सहयोग र आपसी ज्ञान एवम् अनुभव आदान-प्रदान सम्बन्धमा छलफल भएको छ ।

नेपाल बीमा प्राधिकणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा यही २०८१ साल चैत ७ गते प्राधिकरणका अध्यक्ष ओझासँग भुटानका डेपुटी गभर्नर छोदेनले गर्नुभएको भेटमा नेपाल र भुटानको बीमा क्षेत्रको विद्यमान अवस्था, नेपालले अभ्यास गर्दै आएको जोखिममा आधारित पूँजी (RBC) तथा जोखिममा आधारित सुपरीवेक्षण (RBS), पुनर्बीमा सम्वन्धी नेपालको अनुभव र द्विपक्षीय सम्वन्ध सुदढीकरण लगायतका विषयमा छलफल भएको थियो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाले नेपालले बीमा क्षेत्रमा जोखिममा आधारित पूँजी र जोखिममा आधारित सुपरीवेक्षणको अभ्यास गरिरहेको जानकारी दिनुहुँदै यस सम्बन्धमा भुटानलाई आवश्यक सहयोग गर्न तयार रहेको जानकारी दिनुभयो ।

अध्यक्ष ओझाले आगामी दिनमा भुटानको रोयल मनिटरी अथोरिटीसँगको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ गर्न र बीमा क्षेत्रलाई नयाँ उचाई दिनका लागि असल अभ्यासहरु आदान-प्रदान गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

भुटानको बीमा क्षेत्रको समेत नियामक निकाय रहेको रोयल मनिटरी अथोरिटीका डेपुटी गभर्नर उगेन छोदेनले नेपाल बीमा प्राधिकरणले जोखिममा आधारित पूँजी, जोखिममा आधारित सुपरीवेक्षण र पुनर्बीमा

सम्बन्धमा हासिल गरेका ज्ञान एवम् अनुभव भुटानका लागि समेत लाभदायक हुने बताउनुभयो ।

डेपुटी गभर्नर छोदेनले बीमा क्षेत्रको समग्र विकासका लागि नेपाल बीमा प्राधिकरणसँगको सम्वन्धलाई अझ सुदृढ गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

भेटका अवसरमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी, निर्देशक पूजन ढुङ्गेल (अधिकारी) लगायत पदाधिकारीहरु र भूटानको रोयल मनिटरी अथोरिटीका उच्चपदस्थ पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## 'लगानी व्यवस्थापन इकाई' स्थापना गर्न बीमकहरूलाई निर्देशन

नेपाल बीमा प्राधिकरणले जीवन बीमा, निर्जीवन बीमा तथा पुनर्बीमा व्यवसाय गर्ने सबै बीमा कम्पनीहरूलाई "लगानी व्यवस्थापन इकाई" स्थापना गर्न यही २०८१ साल चैत ६ गते निर्देशन दिएको छ ।

जसअनुसार, लगानी व्यवस्थापन गर्नका लागि लगानी सम्बन्धी कार्य अनुभव भएको उच्च व्यवस्थापन तहको कर्मचारीको मातहतमा रहने गरी "लगानी व्यवस्थापन इकाई" स्थापना गरी सात दिनभित्र प्राधिकरणलाई जानकारी दिन बीमा कम्पनीहरूलाई निर्देशन दिइएको छ ।

यसैगरी, लघुबीमा व्यवसाय गर्ने लघुबीमा कम्पनीहरूलाई लगानी व्यवस्थापन कार्यका लागि सोसम्बन्धी कार्य अनुभव भएको उच्च व्यवस्थापन तहको कर्मचारीलाई जिम्मेवारी दिई सात दिनभित्र प्राधिकरणमा जानकारी दिन प्राधिकरणले निर्देशन दिएको छ ।

साथै, बीमा कम्पनीहरूले यसअघि लगानी सम्बन्धी व्यवस्थाको कार्यान्वयन गरिसकेको भए सो को समेत सातभित्र जानकारी दिन प्राधिकरणले सबै बीमा कम्पनीहरूलाई निर्देशन दिएको छ ।

## पुनर्बीमा प्रयोजनका लागि विदेशी मुद्रा सटही सिफारिस प्रक्रिया सम्बन्धी व्यवस्था

नेपाल बीमा प्राधिकरणले पुनर्बीमा गर्ने प्रयोजनका लागि विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउन विभिन्न व्यवस्था गरिएको जानकारी दिँदै सोही अनुसार विदेशी मुद्रा सटहीका लागि कागजातहरु पेश गर्न सबै निर्जीवन बीमकहरूलाई निर्देशन दिएको छ ।

फ्याकेल्टेटिभ पुनर्बीमा प्रयोजनका लागि विदेशमा रकम पठाउन विदेशी मुद्रा सटहीका लागि प्राधिकरणमा प्रस्ताव पेश गर्दा अनिवार्यरूपमा बीमकको पुनर्बीमा निर्देशिका, २०८० बमोजिम नेपालका पुनर्बीमकलाई प्रस्ताव गरेको प्रमाण र नेपालका पुनर्बीमकले उक्त प्रस्ताव २४ घण्टाभित्र अस्वीकार गरेको प्रमाण बीमकले पेश गर्नुपर्ने व्यवस्था गरिएको प्राधिकरणले दिएको निर्देशनमा उल्लेख छ ।

प्राधिकरणले यही २०८१ साल चैत ६ गते दिएको निर्देशनमा बीमकले विदेशी पुनर्बीमा कम्पनीसँग पुनर्बीमा गर्दा पुनर्बीमा निर्देशिका, २०८० बमोजिम विदेशी पुनर्बीमा कम्पनी रेटेड हुनुपर्ने र पुनर्बीमा वापत विदेशी मुद्रा भुक्तानी गरेपश्चात्

प्रत्येक त्रैमास समाप्त भएको १५ दिनभित्र उक्त विदेशी पुनर्बीमकले भुक्तानी बुझिलिएको प्रमाण नेपाल बीमा प्राधिकरणमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

विदेशी मुद्राको सटही सिफारिसका लागि नेपाल बीमा प्राधिकरणमा पेश हुने पत्रमा बीमकका प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर हुनुपर्ने र विदेशी मुद्रा सटहीका लागि पेश गर्ने सबै कागजातका प्रतिलिपिहरूमा बीमकको छाप सहित सम्बन्धित कर्मचारीले हस्ताक्षर गरेको हुनुपर्ने निर्देशनमा उल्लेख गरिएको छ ।

## विदेशी पुनर्बीमा दलालहरूलाई नेपालमा कार्यालय स्थापना गर्न निर्देशन

नेपाल बीमा प्राधिकरणले विदेशी पुनर्बीमा दलालहरूलाई नेपालमा कार्यालय स्थापना गर्न निर्देशन दिएको छ ।

बीमकको पुनर्बीमा निर्देशिका, २०८० बमोजिम हालसम्म कार्यालय स्थापना नगरेका विदेशी पुनर्बीमा दलालहरूलाई तीन महिनाभित्र कार्यालय स्थापना गर्न यही २०८१ साल चैत १० गते निर्देशन दिएको हो ।

बीमकको पुनर्बीमा निर्देशिका, २०८० मा प्राधिकरणमा सूचीकरण भएका र सूचीकरण नम्बर प्राप्त गरेका पुनर्बीमा दलालले छ महिनाभित्र नेपालमा संयुक्त लगानीमा कम्पनी, शाखा वा सम्पर्क कार्यालय स्थापना गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ ।

## हुलदङ्गाका कारण भएका क्षतिको बीमा दाबीलाई यथाशक्य छिटो फछ्र्यौट गर्न निर्देशन

नेपाल बीमा प्राधिकरणले यही चैत १५ गते काठमाडौं उपत्यकाका विभिन्न स्थानमा भएका हुलदङ्गाका कारण बीमितको धनसम्पत्तिमा भएको क्षतिबाट पर्नसक्ने बीमा दाबीलाई सहजरूपमा यथाशक्य छिटो फछ्र्यौट गर्न सबै निर्जीवन बीमा कम्पनी र निर्जीवन लघुबीमा कम्पनीहरूलाई निर्देशन दिएको छ ।

प्राधिकरणले चैत १५ गते भएको हुलदङ्गाका कारण बीमितको धनसम्पत्तिमा भएको क्षति र असहजतालाई ध्यानमा राखी त्यसबाट पर्नसक्ने बीमा दाबीलाई सहजरूपमा यथाशक्य छिटो फछ्र्यौट गर्न यही २०८१ साल चैत १७ गते सबै निर्जीवन बीमा कम्पनी र निर्जीवन लघुबीमा कम्पनीहरूलाई निर्देशन दिएको हो ।

यसैगरी, काठमाडौं उपत्यकामा चैत १५ गते भएको हुलदङ्गाका कारणले भएका क्षतिको विवरण एक्सेल स्प्रिडसीट ढाँचामा प्राधिकरणले दिएको गुगल फर्मको लिङ्क मार्फत साप्ताहिकरूपमा प्रत्येक हप्ताको बुधबार प्राधिकरणमा पेश गर्न पनि सबै निर्जीवन बीमा कम्पनी र निर्जीवन लघुबीमा कम्पनीहरूलाई निर्देशन दिइएको छ ।

बीमाङ्कीय विज्ञता सम्बन्धी अन्तर्क्रिया

# बीमाङ्कीहरूको विज्ञता उजागर गर्न र बीमा व्यवसायलाई थप गति दिन आवश्यक छः अध्यक्ष ओझा




नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाका साथमा कार्यक्रममा सहभागीहरु ।

नेपाल बीमा प्राधिकरण र संयुक्त अधिराज्यस्थित बीमाङ्कीय संस्था इन्स्टिच्युट एण्ड फ्याकल्टी अफ एक्च्युरिज (आईएफओए) को सहभागितामा एक्च्युरियल सोसाइटी अफ नेपालद्वारा यही २०८१ साल चैत ११ गते ललितपुरमा नेपालको बीमा क्षेत्रमा बीमाङ्कीय विज्ञताको विकास सम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको छ ।

नेपालमा बीमाङ्कीय विज्ञता विकासका सम्बन्धमा छलफल गरी सुझावहरु प्राप्त गर्ने उद्देश्यले नेपाल बीमा प्राधिकरण, आईएफओए, ग्लोबल एक्च्युरियल इनिसिटिभ, बीमक, एक्च्युरियल सोसाइटी अफ नेपाल र बीमाङ्कीय विश्लेषकहरुबीच अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाले बीमाङ्कीहरुको भूमिका विशेषगरी बीमा क्षेत्रमा व्यवसायको प्रकृति र जटिलताका कारण झनै महत्वपूर्ण रहेको बताउनुभयो ।

अध्यक्ष ओझाले बीमाङ्कीहरुको विज्ञता उजागर गर्न, बीमा व्यवसायलाई थप गति दिन र बीमितहरु ढुक्क हुने वातावरण निर्माण गर्न सामूहिक प्रयास आवश्यक रहेको उल्लेख गर्नुभयो ।

अध्यक्ष ओझाले कार्यक्रममा आउने नयाँ दृष्टिकोण र विचारहरु बीमाङ्कीय पेशालाई नयाँ उचाई दिन महत्वपूर्ण सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रमा वित्तीय स्थायित्वलाई सुनिश्चित गर्न, प्रभावकारीरुपमा जोखिम व्यवस्थापन गर्न र दिगो वृद्धि हासिल गर्नका लागि बीमाङ्कीहरुको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

कार्यकारी निर्देशक

सुवेदीले नेपालमा बीमाङ्कीको न्यूनताका कारण देखिएका चुनौतीहरूलाई सम्बोधन गर्नका लागि प्राधिकरणले क्षमता अभिवृद्धि कार्यक्रम, अन्तर र्राष्ट्रिय साझेदारी र नियामकीय सुरपरीक्षणको सुदृढीकरण जस्ता कार्यलाई प्रवर्द्धन गर्दै आएको जानकारी दिनुभयो ।

आईएफओएका अध्यक्ष कार्टिना ताहिर थोम्सनले नेपालमा बीमाङ्कीय विज्ञताको विकासका लागि नियाकका रूपमा नेपाल बीमा प्राधिकरणबाट भएको प्रयास सह्रासहनीय रहेको उल्लेख गर्नुहुँदै यसका लागि आवश्यक सहयोग गर्ने तत्परता व्यक्त गर्नुभयो ।

ग्लोवल एक्च्युरियल इनिसिटिभ (जीएआईएन) का निर्देशक क्विनी चोउले बीमाङ्कीको दक्षता अभिवृद्धिका लागि प्राधिकरणसँग हुंदै आएको सहकार्यबाट आफूहरु उत्साहित रहेको बताउनुहुँदै आगामी दिनमा यस किसिमको सहयोगलाई अझै सघनरूपमा अघि बढाउन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले नेपालमा बीमाङ्कीय दक्षता अभिवृद्धिका लागि प्राधिकरणबाट भएका पहल र जीएआईएनसँगको आवद्धताबाट प्राप्त उपलब्धीहरूका बारेमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका पदाधिकारी, आईएफओएका पदाधिकारी, ग्लोवल एक्च्युरियल इनिसिएटिभका सदस्य, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका पदाधिकारी, एक्च्युएरिल सोसाइटी अफ नेपालका सदस्य, त्रिभुवन विश्वविद्यालयका एक्चियुएरिल विज्ञानका विद्यार्थी र बीमा कम्पनी, लघुबीमा कम्पनी तथा पुनर्बीमा कम्पनीका एक्चियुरियल प्रवन्धक र एक्च्युरियल विश्लेषकहरूको सहभागिता रहेको थियो ।

सुदूरपश्चिम प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# बीमा दाबी भुक्तानीमा झन्झट न्यून गर्न दाबी प्रक्रियालाई सरल बनाउनुपर्छ : मुख्यमन्त्री शाह

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल चैत २० गते कैलालीको धनगढीमा सुदूरपश्चिम प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहले प्रदेशमा बीमाको विकास एवम् विस्तारका लागि प्रदेश बीमा कानून र नीति तयार गर्न तयार रहेको जानकारी दिनुहुँदै त्यसमा सहयोग गर्न नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभयो ।

मुख्यमन्त्री शाहले महिला स्वयम्सेविकाहरूको बीमा गर्दै आएको र विपद् बीमा गर्न इच्छुक भएको उल्लेख गर्नुहुँदै बीमा दाबी भुक्तानीमा झन्झट न्यून गर्न दाबी प्रक्रियालाई सरल बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री हिरा

सार्कीले आम नागरिकलाई बीमासँग जोड्न, अनुदानलाई थप प्रभावकारी बनाउन तथा बीमा र विपद्लाई आवद्ध गरेर अघि बढाउन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाले बीमितको हित र बीमकको वित्तीय अवस्था दुबैलाई ध्यानमा राखेर प्राधिकरणले कार्य गर्ने बताउनुभयो ।

अध्यक्ष ओझाले कृषि बीमा अनुदानका बारेमा पालिका र वडा संरचनाहरु मार्फत आमरूपमा जानकारी दिएर कृषि बीमा गर्न जोड दिनुपर्ने उल्लेख गर्नुहुँदै कच्ची घरहरूको बीमा गर्नका लागि बीमालेख निर्माण गर्न प्राधिकरणले सहयोग गर्ने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमाको परिचय, बीमा क्षेत्रको अवस्था, विद्यमान चुनौती र बीमाको पहुँच विस्तारमा प्रदेश सरकारको भूमिका सम्वन्धी प्रस्तुती गर्नुहुँदै प्रदेशको आर्थिक मामिला मन्त्रालय अन्तर्गत रहने गरी बीमा सम्पर्क व्यक्ति तोक्न प्रदेश सरकारसँग आग्रह



सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाह, नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझा र कार्यक्रममा सहभागीहरु ।

गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले बीमाको प्रिमियम तिर्नसक्ने अवस्था हेरेर मात्र बीमा गर्नुपर्ने, राज्यका समग्र अवयवहरूलाई बीमासँग आवद्ध गरेर अगाडि बढ्न प्राधिकरणले आवश्यक कदम चाल्नुपर्ने, बीमा कम्पनीहरूको अनुगमनलाई अझै प्रभावकारी बनाउनुपर्ने, दाबी भुक्तानीलाई छिटोछरितो बनाउन प्राधिकरणले थप सहजीकरण गर्नुपर्ने र कृषि बीमा गर्न प्रोत्साहन गर्नुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री मेघराज खड्का, आर्थिक मामिला राज्यमन्त्री प्रकाश बहादुर बम र भौतिक पूर्वाधार विकास राज्यमन्त्री निर्मला देवी साउद, प्रदेश सरकारका मुख्यसचिव डा. कमल प्रसाद पोखेल, विभिन्न प्रदेश मन्त्रालयका सचिव, मुख्य न्यायाधिवक्ता, नगरपालिका तथा गाउँपालिकाका प्रमुख तथा अध्यक्ष र बीमकका प्रदेश कार्यालयका प्रमुखहरु लगायतको सहभागिता रहेको थियो ।

यसैगरी, नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८१ साल चैत २० गते धनगढीमा कैलाली उद्योग वाणिज्य संघसँग बीमा प्रवर्धनात्मक छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल बीमा प्राधिकरण कर्मचारी युनियनको विशेष अधिवेशन

# बीमा क्षेत्रमा असल अभ्यास प्रवर्द्धन गर्न सम्वद्ध सबैसँग सहकार्य गर्ने अध्यक्ष ओझाको प्रतिवद्धता



नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाले बीमा ऐनले निर्दिष्ट गरेका जिम्मेवारी पूरा गर्नका लागि कर्मचारी युनियनहरु, बीमकका संस्थाहरु लगायत सरोकावाला सबैको भूमिका महत्वपूर्ण रहने बताउनुभएको छ ।

अध्यक्ष ओझाले नेपाल बीमा प्राधिकरण कर्मचारी युनियनको विशेष अधिवेशनको यही २०८१ साल चैत ८ गते ललितपुरमा उद्‌घाटन गर्नुहुँदै बीमा क्षेत्रलाई सुव्यवस्थित रुपमा अगाडि बढाउनका लागि सम्वद्ध सबैसँग सहकार्य गर्न प्राधिकरण पूर्णरुपमा तयार रहेको बताउनुभयो ।

बीमा क्षेत्रका समस्याहरु सरोकावालाहरु सबैसँग मिलेर समाधान गर्न सकिने उल्लेख गर्नुहुँदै अध्यक्ष ओझाले बीमा क्षेत्रलाई व्यवस्थित, विश्वसनीय र पारदर्शी बनाउनु नै मुख्य प्राथमिकता भएको बताउनुभयो ।

अध्यक्ष ओझाले सरकारले दिएको जिम्मेवारी कामबाट नै पूरा गर्न र बीमा क्षेत्रमा असल अभ्यास प्रवर्द्धन गर्न सम्वद्ध सबैसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले कर्मचारीहरुका हक, हित लगायतका विषयमा कर्मचारी युनियनहरुसँग सहकार्य गर्न व्यवस्थापन तयार रहेको बताउनुभयो ।

कार्यक्रमको सभापतित्व नेपाल बीमा प्राधिकरण कर्मचारी युनियनका अध्यक्ष शम्भु प्रसाद मिश्रले गर्नुभएको थियो ।

## प्राधिकरणका निर्देशकहरूको जिम्मेवारी हेरफेर तथा पदस्थापना

नेपाल बीमा प्राधिकरणले निर्देशकहरूको जिम्मेवारी हेरफेर तथा नवनियुक्त निर्देशकहरूको पदस्थापना गरेको छ ।

प्राधिकरणले यही २०८१ साल चैत १४ गतेदेखि लागू हुने गरी निर्देशकहरूको जिम्मेवारी हेरफेर गरी निर्देशक कमल प्रसाद रेग्मीलाई कानून महाशाखा र निर्देशक पूजन ढुंगेल (अधिकारी) लाई अनुसन्धान महाशाखाको जिम्मेवारी दिएको छ ।

यसैगरी, हालै निर्देशकमा बढुवा हुनुभएका निर्देशक शाम्भराज लामिछानेलाई नियमन महाशाखा, निर्देशक ध्रुव तिमिल्सिनालाई सुपरीवेक्षण महाशाखा, निर्देशक निर्मल अधिकारीलाई बीमालेख महाशाखा र निर्देशक कुन्दन सापकोटालाई व्यवस्थापन महाशाखाको जिम्मेवार सम्हाल्ने गरी पदस्थापना गरिएको छ ।

## GLOBAL MONEY WEEK, 2025

Global Money Week, 2025 'Think before follow, wise money tomorrow' भन्ने नाराका साथ ग्लोबल मनी विक, २०२५ (Global Money Week, 2025) को १३ औं श्रृङ्खला यही २०८१ साल चैत ४ गतेदेखि नेपालमा पनि शुरु भएको छ ।

बालबालिका र युवामा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यका साथ Organization of Economic Cooperation and Development (OECD) को संयोजनमा हरेक वर्ष मार्च १७ देखि २३ सम्म "ग्लोबल मनी विक" मनाउने गरिएको छ ।

ग्लोबल मनी विक, २०२५ को पहिलो दिन आज नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण र नेपाल धितोपत्र बोर्डको संयोजनमा काठमाडौंमा वित्तीय साक्षरता सम्बन्धी प्रभातफेरि कार्यक्रम आयोजना गरिएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले पैसाको महत्व, बचत र सदुपयोग लगायतका विषयमा आमरूपमा जानकारी दिनका लागि गाउँ गाउँमा वित्तीय साक्षरता फैलाउनु आवश्यक रहेको र त्यसका लागि सहकार्य गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले ग्लोबल मनी विक, २०२५ मनाउने क्रममा नेपाल बीमा




नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

प्राधिकरणको केन्द्रीय कार्यालय र प्रादेशिक कार्यालयहरूबाट विद्यालयस्तरमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु आयोजना गर्ने र विद्युतीय माध्यमबाट पनि वित्तीय साक्षरता सम्बन्धी जानकारीमूलक कार्यक्रमहरु संचालन गर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक तुलसी प्रसाद घिमिरे, नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी लगायतका वक्ताहरूको पैसाको महत्व, बचत, सदुपयोग, सही लगानी र ठगी नियन्त्रण लगायतका बारेमा बालबालिका तथा युवालाई शुरूदेखि नै जानकारी दिनुपर्ने बताउनुभयो ।

समाजमा हरेकस्तरमा वित्तीय साक्षरता तथा ज्ञान अभिवृद्धिका लागि सम्वद्ध सबै निकायहरूबीच सहकार्यको आवश्यकता समेत उहाँहरूले औंल्याउनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण र नेपाल धितोपत्र बोर्डका पदाधिकारी तथा कर्मचारीहरूका साथै नेपाल स्टक एक्सचेञ्ज, नेपाल स्टक ब्रोकर्स एसोसिएसन लगायत वित्तीय क्षेत्रका विभिन्न संस्थाका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# कोशी प्रदेश कार्यालय

## कोशी प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल माघमा कोशी प्रदेशका मोरङ जिल्लाको लेटाङ नगरपालिका र फागुनमा झापा जिल्लाको कनकाई नगरपालिका तथा धनकुटा जिल्लाको पाख्रिवास नगरपालिकासँग बीमा बीमा सम्बन्धी सचेतनामूलक छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

लेटाङ नगरपालिकासँग माघ २८ गते आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथि लेटाङ नगरपालिकाका प्रमुख भुपेन्द्र कुमार लावतीले नगरपालिकाको आगामी बजेटमा बीमालाई उच्च प्राथमिकता दिइने जानकारी दिनुहुँदै बीमा दाबी भुक्तानी प्रक्रियालाई सरल एवम् सहज बनाउनका लागि आवश्यक समन्वय एवम् सहकार्य गर्न तयार रहेको बताउनुभयो ।

कनकाई नगरपालिकासँग फागुन ८ गते भएको कार्यक्रममा प्रमुख अतिथि कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र कुमार पोखरेलले बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय एवम् सहकार्य गर्ने तत्परता व्यक्त गर्नुभयो ।

पाख्रिवास नगरपालिकासँग फागुन १२ गते आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथि पाख्रिवास नगरपालिकाका प्रमुख ज्ञान बहादुर गुरूङले जोखिम न्यूनीकरणका लागि उपयुक्त वित्तीय माध्यम बीमा भएकाले सबैले बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ती कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरूले बाली तथा तरकारी बीमा गर्न अनिच्छा देखाउने गरेको, दाबी बमोजिमको रकम नपाएको, दाबी भुक्तानीका क्रममा बीमा कम्पनीहरूले अनावश्यक दुःख दिने गरेको, दाबी प्रक्रिया झन्झटिलो र प्रक्रियामुखी रहेको, च्याउ र कटेरोको बीमा गर्न नपाएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमहरूमा उठेका बीमा सम्बन्धी प्रश्नहरूको जवाफ दिँदै नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमा सम्बन्धी गुनासा एवम् समस्याहरूलाई सम्बोधन गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

ती कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, अगुवा कृषक, बीमा, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, स्थानीय वासिन्दा र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

# सुनसरी उद्योग वाणिज्य संघसँग बीमा सम्वन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल माघ २२ गते धरानमा सुनसरी उद्योग वाणिज्य संघसँग बीमा सम्वन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

बीमाको विकास एवम् विस्तारका सम्बन्धमा छलफल गर्ने र बीमा सम्बन्धी उद्योग व्यवसायीहरूको धारणा बुझ्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा सहभागीहरूले निर्माण कार्यको बीमा सम्बन्धी विद्यमान बीमादर पुनरावलोकन गर्नुपर्ने, बीमा दाबी भुक्तानी प्रक्रियालाई सरल एवम् सहज बनाउनुपर्ने, मोटर बीमा निर्देशिकालाई सयमानुकूल परिमार्जन गर्नुपर्ने, बीमा सर्भेयरको भूमिका निष्पक्ष हुनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

त्यस अवसरमा सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष विजय श्रेष्ठले बीमालाई नाफाभन्दा पनि सेवामूलक व्यवसायका रूपमा विकास गर्नुपर्ने, निर्माण कार्य सम्बन्धी बीमादर न्यून गर्नुपर्ने र सम्पत्ति बीमालेखलाई समयानुकूल परिमार्जन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले उद्योगी व्यवसायीहरूका सुझावहरूका बारेमा प्राधिकरणको केन्द्रीय कार्यालयलाई जानकारी गराउने बताउनुभयो ।

कार्यक्रममा सुनसरी उद्योग वाणिज्य संघका पदाधिकारी, सुनसरीस्थित उद्योगी, यातायात व्यवसायी, निर्माण व्यवसायी र नेपाल इन्स्यारेन्स प्रोफेशनल्स सोसाइटी, कोशीका पदाधिकारीहरु लगायतको सहभागिता रहेको थियो ।

# शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल माघ २३ गते मोरङको जहदास्थित दुर्गा माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी जानकारीमूलक छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमाको परिचय, महत्व र आवश्यकता, बीमा गर्ने विधि, दावी भुक्तानी प्रक्रिया, बीमा सम्बन्धी सचेतना अभिवृद्धिमा शिक्षक तथा विद्यार्थीको भूमिका लगायतका विषयमा प्रस्तुती गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि दुर्गा माध्यमिक विद्यालयका प्रधानाध्यापक विषम लाल मण्डलले शिक्षक तथा विद्यार्थीहरूले बीमाका बारेमा राम्रोसँग बुझेर अरूलाई पनि बुझाउँदै जानुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमा सचेतना अभिवृद्धिमा आ-आफ्नोतर्फबाट भूमिका निर्वाह गर्न शिक्षक तथा विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा विद्यालयका शिक्षक तथा कर्मचारीहरु र कक्षा ९, १०, ११ र १२ का विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# मधेश प्रदेश कार्यालय

## मधेश प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल माघमा बारा जिल्लाको परवानीपुर गाउँपालिका, सप्तरी जिल्लाको राजगढ गाउँपालिका र सप्तरी जिल्लाको बोदेबरसाइन नगरपालिका तथा फागुनमा पर्सा जिल्लाको सखुवा प्रसौनी गाउँपालिका, धनुषा जिल्लाको बटेश्वर गाउँपालिका र बारा जिल्लाको सिम्रौनगढ गरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

परवानीपुर गाउँपालिकासँग माघ ३० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले पालिकामा बीमाको पहुँच विस्तारमा बीमा कम्पनीहरूले सहजीकरण नगरेको गुनासो गर्नुभयो ।

राजगढ गाउँपालिकासँग माघ २४ गते भएको कार्यक्रममा प्रमुख अतिथि राजगढ गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले बीमा सम्वन्धी कार्यक्रम आयोजना गरी बीमाका सबै विषयमा जानकारी गराएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

बोदेबरसाइन नगरपालिकासँग माघ २३ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि बोदेबरसाइन नगरपालिकाका प्रमुख आतेश कुमार सिंहले बीमाको पहुँच विस्तारका लागि ठोस नीतिगत व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

सखुवा प्रसौनी गाउँपालिकासँग फागुन ६ गते भएको कार्यक्रममा प्रमुख अतिथि सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले बीमा सम्बन्धी अधुरो ज्ञानले गर्दा धेरैले दु:ख पाउने गरेको उल्लेख गर्नुहुँदै बीमालेखका प्रवधानहरूका बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनभयो ।

सिम्रौनगढ नगरपालिकासँग फागुन १२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरी साह कलवारले स्थानीय तहमा बीमाको विकास एवम् विस्तारका लागि बीमा कम्पनीहरूले उल्लेखनीय कार्य नगरेको विचार व्यक्त गर्नुभयो ।

बटेश्वर गाउँपालिकासँग फागुन २० गते भएको कार्यक्रममा बटेश्वर गाउँपालिकाका अध्यक्ष राम अशिष महतोले बीमाको पहुँच विस्तारका लागि आवश्यक सहजीकरण गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

ती कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरु

सेवामुखीभन्दा पनि नाफामुखी भएको, बीमाको दावी भुक्तानी दिँदा बार्गेनिङ गर्ने गरेको, कागपत्र नपुगेको बहानामा दाबी भुक्तानी दिन ढिलाई गर्ने गरेको, बीमितको मृत्यु भएको अवस्थामा दाबी भुक्तानी पाउन कठिन रहेको, बीमा अभिकर्ताले यथार्थ जानकारी नदिई बीमा गराउने गरेको लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

ती कार्यक्रमहरूमा उठेका प्रश्नहरूको जवाफ दिँदै नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमाको विकास एवम् विस्तारका लागि स्थानीय तहहरूसँग निरन्तर समन्वय तथा सहजीकरण गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

ती कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, स्थानीय उद्योगी तथा व्यवसायी, बीमा, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र अगुवा कृषकहरू लगायतको सहभागिता रहेको थियो ।

# शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल माघ २२ गते सिरहा जिल्लाको लहानस्थित लहान एभरेष्ट कलेजका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

शिक्षक तथा विद्यार्थीहरूलाई बीमा विषयमा जानकारी दिई उनीहरू मार्फत समाजमा बीमा सचेतना अभिवृद्धि गरी बीमाको दायरा बढाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा बीमाको परिचय, महत्व र आवश्यकता, बीमा गर्ने विधि, दाबी भुक्तानी सम्बन्धी व्यवस्था, बीमा बजारको विद्यमान अवस्था, बीमितको हित संरक्षण र गुनासो सुनुवाई सम्बन्धी व्यवस्था र बीमा साक्षरता अभिवृद्धिमा शिक्षक तथा विद्यार्थीहरूको भूमिका लगायतका विषयमा जानकारी दिइएको थियो ।

त्यस अवसरमा लहान एभरेष्ट कलेजका प्रिन्सिपल धरणीधर अधिकारीले बीमा विषयलाई पाठ्यक्रममा समावेश गराउनका लागि आवश्यक पहल गर्न नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख प्रीति देवले विद्यार्थीहरूलाई आफूले हासिल गरेका बीमा सम्बन्धी ज्ञानलाई आफूमा मात्र सीमित नराखी समाजमा फैलाउन अनुरोध गर्नुभयो ।

कार्यक्रममा लहान एभरेष्ट कलेजका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# लुम्बिनी प्रदेश कार्यालय

## लुम्बिनी प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल फागुनमा बाँकेको जानकी गाउँपालिका र मंसीरमा कपिलवस्तुको बैजनाथ गाउँपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

बीमाका बारेमा जानकारी दिने, स्थानीयस्तरमा रहेका बीमा सम्वन्धी गुनासा र सुझावहरु संकलन गर्ने, बीमा सचेतना अभिवृद्धि गर्ने र बीमाको दायरा विस्तारमा योगदान पुऱ्याउने उद्देश्यले ती कार्यक्रम आयोजना गरिएको हो ।

**जानकी गाउँपालिकासँग**

फागुन २१ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि जानकी गाउँपालिकाका अध्यक्ष छब्बन खाँले बीमा सचेतना अभिवृद्धिका लागि प्राधिकरणबाट आयोजित कार्यक्रम प्रभावकारी रहेको बताउनुभयो ।

**बैजनाथ गाउँपालिकासँग**

मंसीर २२ गते भएको कार्यक्रममा प्रमुख अतिथि बैजनाथ गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर शाहीले गाउँपालिकाले नागरिकलाई बीमामा जोड्न र घर बीमा तथा सम्पत्ति बीमालाई अगाडि बढाउन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

ती कार्यक्रमहरूमा सहभागीहरूले विपन्न बर्गमा बीमाको पहुँच पुऱ्याउन सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने, बीमा अभिकर्ताको परीक्षा संचालनलाई अझै व्यवस्थित बनाउनुपर्ने, बीमाप्रतिको विश्वसनीयता बढाउन यथाशीघ्र कोरोना बीमाको दाबी भुक्तानी दिनुपर्ने, बाध्यकारीरूपमा बीमालेख बिक्री गर्न नहुने, कृषि बीमामा उत्पादनका आधारमा क्षतिको मूल्याङ्कन हुनुपर्ने र प्राधिकरणले बीमा कम्पनीहरूको नियमनलाई अझै चुस्त बनाउनुपर्ने लगातका धारणा राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले कार्यक्रमहरूमा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा सम्वन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, बीमकका प्रतिनिधि, कृषक र सर्वसाधारण लगायतको सहभागिता रहेको थियो ।

बाँकी समाचार पृष्ठ नं. २० मा

# कर्णाली प्रदेश कार्यालय

## कर्णाली प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल माघमा सल्यानका कुमाख गाउँपालिका र सिद्ध कुमाख गाउँपालिका तथा फागुनमा वनगाड कुपिण्डे नगरपालिकासँग बीमा सम्वन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कुमाख गाउँपालिकासँग माघ २८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कुमाख गाउँपालिकाका अध्यक्ष मान बहादुर बुढाथोकीले बीमाको दायरा विस्तारका लागि आवश्यक पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै बीमासँग सम्वद्ध सबैसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो ।

सिद्ध कुमाख गाउँपालिकासँग माघ २ गते भएको कार्यक्रममा प्रमुख अतिथि सिद्ध कुमाख गाउँपालिकाका अध्यक्ष भरत गिरीले आगामी दिनमा पालिकाले स्वास्थ्य र कृषि क्षेत्रलाई लक्षित गरी बीमा कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

वनगाड कुपिण्डे नगरपालिकासँग चैत १ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख कर्ण बहादुर बुढाथोकीले नगरपालिकाले बीमा सम्वन्धी कार्यविधि बनाइसकेको जानकारी दिनुहुँदै बीमा व्यवसायलाई सरल, सहज र प्रभावकारी बनाउन सम्वद्ध सबै निकायबीच समन्वय र सहकार्यको आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरूले कृषि बीमा गर्न इच्छा नदेखाउने गरेको, बीमाङ्कमा एकरूपता नभएको, बीमा दाबी प्रक्रिया झन्झटिलो र लामो रहेको, बीमा कहाँ र कसरी गर्ने भन्ने स्पष्टरूपमा थाहा नपाएको, कृषि तथा पशुपन्छी बीमा प्राविधिकरूपमा जटिल रहेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले आर्थिकरूपले सक्षम नागरिकलाई बीमा गर्न प्रोत्साहन गर्ने र विपन्न बर्गको बीमा पालिकाबाट नै गरिदिने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सम्वन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, शिक्षक, बीमा कम्पनीका प्रतिनिधि र सर्वसाधारण लगायतको सहभागिता रहेको थियो ।

# सुदूर पश्चिम प्रदेश कार्यालय

## सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल फागुनमा सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको लालझाडी गाउँपालिका, बैतडी जिल्लाको दशरथचन्द नगरपालिका र सुर्नया गाउँपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमहरूमा बीमाको महत्व, बीमा क्षेत्रको नियमन तथा विकास, बीमा प्रवर्द्धन सम्बन्धी सरकारी नीति, बीमाबाट प्राप्त हुने लाभ तथा बीमाका शर्त र बीमाको पहुँच विस्तारमा स्थानीय सरकारको भूमिका लगायतका विषयमा छलफल भएको थियो ।

लालझाडी गाउँपालिकासँग फागुन २० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल रानाले जोखिम व्यवस्थापनका लागि बीमालाई प्रवर्द्धन गर्न र म्यादी जीवन बीमाको व्यवस्थापन मार्फत नागरिकलाई सुरक्षित तथा सशक्त बनाउन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

दशरथचन्द नगरपालिकासँग फागुन २५ गते भएको अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथि दरथचन्द नगरपालिकाका प्रमुख पुष्कर राज जोशीले बीमा योजनाहरु प्रभावकारी भए पनि दाबी प्रक्रिया सरल नभएको उल्लेख गर्नुहुँदै बीमा प्रणालीमा सुधारको आवश्यकता औंल्याउनुभयो ।

सुर्नया गाउँपालिकासँग फागुन २६ गते भएको कार्यक्रममा प्रमुख अतिथि सुर्नया गाउँपालिकाका अध्यक्ष अम्मर बहादुर कुँवरले गाउँपालिकाका जोखिमयुक्त चारसय घरधुरीलाई बीमाको दायरामा ल्याउन पहल भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा दाबी भुक्तानी प्रक्रियामा समस्या रहेको, कृषि तथा पशु प्राविधिकको संख्या न्यून रहेको, कृषि बीमा अनुदान बारे जानकारी नपाएको, जीवन बीमा अभिकर्ताले बीमा गराउँदा बीमा शर्तहरूका बारेमा स्पष्ट जानकारी नदिने गरेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

कार्यक्रमहरूमा उठेका प्रश्नहरूको जवाफ दिँदै नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हृदयेश्वर पण्डितले स्थानीय तहमा बीमा सम्वन्धी नीति निर्माणका लागि सहकार्य गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, बीमा कम्पनीका प्रतिनिधि, बीमा अभिकर्ता, कृषक, व्यवसायी र कृषि तथा पशुपन्छी बीमाका सरोकारवालाहरु लगायतको सहभागिता रहेको थियो ।

## आर्थिक पत्रकारहरूसँग बीमा सम्वन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल फागुन २ गते कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा आर्थिक पत्रकारहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

सुदूरपश्चिम प्रदेशमा बीमाको विद्यमान अवस्था बारेको तथ्याङ्क सार्वजनिक गर्ने र बीमाको पहुँच विस्तार, बीमा क्षेत्रको नियमन तथा विकास र बीमा प्रवर्द्धनका लागि भएका पहलहरूका बारेमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा बीमा सम्वन्धी कानूनी तथा नीतिगत व्यवस्था, बीमाका फाइदा, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमक र बीमितका दायित्व, बीमा सम्वन्धी गुनासा तथा उजुरीहरूको व्यवस्थापनमा प्राधिकरणको भूमिका लगायतका विषयमा जानकारी दिइएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश कमिटी र कञ्चनपुर जिल्ला शाखाका पदाधिकारीहरु लगायत विभिन्न संचार माध्यममा कार्यरत आर्थिक पत्रकारहरूको सहभागिता रहेको थियो ।

## लुम्बिनी प्रदेशको बाँकी समाचार

## शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८१ साल फागुन २२ गते नेपालगञ्जमा सेन्टजेभियर स्कुलका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

बीमाको परिचय, महत्व र आवश्यकता, बीमा सम्वन्धी विद्यमान व्यवस्था, बीमा बजारको अवस्था र बीमा सम्वन्धी ज्ञान अभिवृद्धिको महत्वका बारेमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि सेन्टजेभियर स्कुलका प्रधानाध्यापक कमलेश शाहले बीमालाई आम्दानीसँग जोड्न सकियो भने आम्दानीले स्थायित्व पाउनुका साथै आर्थिक जोखिमको रक्षावरण समेत हुने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले शिक्षक तथा विद्यार्थीहरूलाई आ-आफ्ना परिवार र समाजमा बीमाका बारेमा जानकारी दिई बीमाको दायरा विस्तारमा सहयोग गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सेन्टजेभियर स्कुलका शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सहभागिता रहेको थियो ।